# महाशिला गाउँपालिका

# विनियोजन ऐन, २०७५

गाउँसभाबाट पारित भएको मिति :२०७५।०३।२३

# महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०७५

महाशिला गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**गाउँसभाबाट पारित मितिः २०७५/०३/२३**

**प्रस्तावना :**

महाशिला गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम महाशिला गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई प्रमाणीकरण भएपछि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त महाशिला गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३२,४४,४८,३५९ (बत्तीस करोड चवालिस लाख अठचालिस हजार तीन सय उन्साठ्ठी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त महाशिला गाउँपालिककाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित

रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि १

## दफा २ सम्वन्धित

नेपालको संविधान धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम रु.

| क स | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूजिँगत खर्च | वित्तीय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | ३ | ४ | ५ | ६ | ७ | |
| १ | | बित्तीय समानीकरण | | ७,११,८१,००० | ० | ७,११,८१,००० | |
| २ | | सशर्त अनुदान | ९,२६,३५,००० | २,५८,६५,००० | ० | ११,८५,००,००० | |
| ३ | | राजश्व बाँडफाँड | २,५९,००,००० | ८,५७०,३५९ | ० | ३,४४,७०,३५९ | |
| ४ | | आन्तरिक राजश्व | ० | ५७,७५,००० | ० | ५७,७५,००० | |
| ५ | | सामाजिक सुरक्षा | ३,००,००,००० | ० | ० | ३,००,००,००० | |
| ६ | | सञ्चित कोषमा अनुमानित बाँकी | ० | १,५०,००,००० | ० | १,५०,००,००० | |
| ७ | | दातृ निकाय, संघ संस्था, अन्य | ० | ४,९५,२२,००० | ० | ४,९५,२२,००० | |
| | | | १४,८५,३५,००० | १७,५९,१३,३५९ | ० | ३२,४४,४८,३५९ | |

पेश गर्नेको दस्तखतः

नाम, थरः हिरा कुमारी राना

पदः उपाध्यक्ष

मितिः २०७५।०३।२३